'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Honours Part-III Examination, 2022

## NEPALI

## PAPER-VII

### नेपाली नाटक र नेपाली भाषा विज्ञान

(संशोधित नयाँ पाठ्यक्रम)

Time Allotted: 4 Hours — Full Marks: 100

*The figures in the margin indicate full marks.*

1. तलका कुनै <u>दुईवटा</u> प्रश्नका उत्तर लेख्नुहोस् – $16\times2 = 32$

(क) नेपाली एकाङ्कीको इतिहासमा लक्ष्मण श्रीमलको योगदानको उल्लेख गर्दै 'उसको घर' एकाङ्कीको समीक्षा गर्नुहोस्।

(ख) 'अनि देउराली रुन्छ' नाटकमा प्रस्तुत गरिएका सामाजिक समस्याहरू केलाउनुहोस्।

(ग) नाटकीय तत्त्वहरूका आधारमा 'अश्वत्थमा हतोहतः' नाटकको समीक्षा गर्नुहोस्।

2. तलका कुनै <u>दुईवटा</u> प्रश्नका उत्तर लेख्नुहोस् – $16\times2 = 32$

(क) नेपाली भाषाको उत्पत्ति र विकासबारे एउटा लेख लेख्नुहोस्।

(ख) शब्दभण्डार भन्नाले के बुझिन्छ ? नेपाली भाषाका शब्दभण्डारका स्रोतहरूबारे परिचर्चा गर्नुहोस्।

(ग) शब्द निर्माण प्रक्रिया भन्नाले के बुझिन्छ ? नेपाली भाषामा कुन-कुन प्रक्रियाद्वारा शब्द निर्माण गरिन्छ सविस्तार लेख्नुहोस्।

3. तलका कुनै <u>एउटा</u> विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् – $10\times1 = 10$

(क) 'वैकुण्ठ एक्सप्रेस' नाटकको संरचना

(ख) 'टीका' एकाङ्कीको सांस्कृतिक पक्ष

4. तलका कुनै <u>एउटा</u> विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् – $10\times1 = 10$

(क) नेपाली व्याकरणको इतिहास

(ख) नेपाली भाषाका विशेषताहरू

5. तलका कुनै आठवटा प्रश्नका उत्तर तीनदेखि पाँच वाक्यभित्र लेख्नुहोस् – 2×8 = 16

(क) सर्ग भन्नाले के बुझिन्छ ? सर्ग कति प्रकारका छन् ? के के ?

(ख) दर्शक सर्वनाम भनेको के हो ? सोदाहरण लेख्नुहोस्।

(ग) 'सङ्कलन त्रय' भन्नाले के बुझिन्छ ?

(घ) एकाङ्की र पूर्णाङ्कीमाझ पाइने दुईवटा भिन्नता उल्लेख गर्नुहोस्।

(ङ) तत्सम शब्द भनेको के हो ? उदाहरण दिनुहोस्।

(च) कारक भनेको के हो ? यो कति प्रकारका छन् ? के के ?

(छ) 'वैकुण्ठ एक्सप्रेस'-को प्रतीकात्मक अर्थ के हो ?

(ज) नाटकमा संवादको के महत्व छ ?

(झ) व्याकरणिक कोटि भन्नाले के बुझिन्छ ?

(ञ) निपात भनेको के हो ? उदाहरण दिनुहोस्।

——×——